वर्ष २० | अंक ११८ | नेपाल संवत् ११४२ | २०७८ माघ ८ गते शनिबार | 22 Jan. 2022 | पृष्ठ ४ | मूल्य रु. १०

विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च नगरौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एउटै पढे पुग्छ

# समाधान

samadhannews.com
राष्ट्रिय दैनिक






कोरोना परीक्षण गर्न शुक्रबार पोखरा नयाँबजार प्रदर्शनी केन्द्रमा पालो पर्खिरहेका सर्वसाधारण । *तस्बिर: समाधान*

# कास्कीमा १३८ स्वास्थ्यकर्मीलाई संक्रमण

### ७० स्वास्थ्यकर्मी संक्रमित रहेको क्षेत्रीय अस्पतालको सेवा प्रभावित

**सञ्जय रानाभाट**
पोखरा, ७ माघ

गण्डकी प्रदेशभर पछिल्लो २४ घण्टामा ९ सय जनामा कोभिड संक्रमण पुष्टि भएको छ । तेस्रो लहर सुरु भएपछि यो पहिलो सबैभन्दा ठूलो आँकडा हो । ती ९ सय संक्रमितमध्ये २६८ जनाचाहिँ चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरु हुन् । कास्कीका मात्रै १३८ स्वास्थ्यकर्मी संक्रमित भएका छन् ।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार अब प्रदेशमा सक्रिय संक्रमितको संख्या ४ हजार १ सय १७ पुगेको छ । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका थुप्रै स्वास्थ्यकर्मीहरु संक्रमित भएका छन् । अस्पतालका निर्देशक डा भरत खत्रीले ७० जना स्वास्थ्यकर्मी संक्रमित भएको जानकारी दिए । प्रदेशकै सबैभन्दा ठूलो पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा धैरै स्वास्थकर्मी संक्रमित हुँदा सेवा प्रभावित भएको निर्देशक खत्रीले बताए । 'उपचारका लागि खटिने स्वास्थ्यकर्मी नै संक्रमित हुँदा वडाहरुमा ड्युटी गर्ने मान्छे नभएर अप्ठेरो परेको छ,' उनले भने, 'शनिबारबाट त हामीहरुले पहिलका वैकल्पिकहरुलाई पनि बोलाएर काम लगाएका छौं ।'

क्षेत्रीय अस्पतालमा ६ सयजना स्वास्थ्यकर्मी छन् । अस्पतालको रेट्रोफिटिङ भइरहेकाले अस्पतालमा अहिले ५० मात्र कोभिड बेड छन् । जसमा २७ जना कोरोनाका बिरामी उपचारत रहेको खत्रीले बताए । 'देशमा ठूलाठूला सभा सम्मेलन भए । पोखरामा त ठूलो भिडभाडका साथ न्युइयर भयो । विभिन्न खेलकुद कार्यक्रम भए यसबाट कोरोना सऱ्यो,' उनले भने ।

कोरोना संक्रमति दिन प्रतिदिन बढ्दै गएपछि पश्चिमाञ्चल अस्पतालमा अक्सिजनका २ वटा मेसिन चलाउनुपर्ने अवस्थामा आइपुगेको खत्रीले सुनाए । 'सबैले स्वास्थ्यका मापदण्डहरु अपनाउनुपऱ्यो । सरकारले एकचोटि फेरि लकडाउन नै गर्नुपर्छ । एकजनाको पहलबाटमात्र कोरोना नियन्त्रण हुन गाह्रो छ,' उनले भने । क्षेत्रीय अस्पतालमा अर्थो, गाइने वार्डको सेवा नै प्रभावित हुने गरी जनशक्ति अभाव देखिन थालेको छ । कारण–ती वार्डका स्वास्थ्यकर्मी नै संक्रमित हुनु । संक्रमणदर बढ्दै गएपछि प्रदेशमा एम्बुलेन्स सेवा, हेलो डक्टर र चालक लगायत सेवा प्रभावित भएको छ । पोखरा ३० स्थित संक्रामक तथा सरुवा रोग अस्पतालका १२ जनामा संक्रमण देखिएको जानकारी अस्पतालका कार्यकारी निर्देशक डा विकास गौचनले दिए । उनकै भनाइमा अहिले उक्त अस्पतालमा उपचारका लागि कोभिडका १२ बिरामी पनि छन् ।

गण्डकी शिक्षण अस्पताल पृथ्वीचोकका २० स्वास्थ्यकर्मी संक्रमित भएको जानकारी मेडिकल सुपरिटेन्डेन्ट डा टुमाया घलेले दिइन् । उनकै भनाइमा गण्डकी मेडिकल कलेजले विद्यार्थीको पढाइ सुरु अनलाइन गरिसकेको छ । बाटोघाटोमा हिँडडुल गर्दा मास्क नलगाउने, लगाए पनि चिउँडोमा राख्ने, मान्छे भेटिए झन् मास्क खोलेर बोल्ने प्रवृत्ति देखिएको डा घलेले सुनाइन् ।

कोरोनालाई सामान्य रुघाखोकी त हो भन्दै धेरैले हेलचक्र्याइँ गरेको पाइएको घलेले बताइन् । सर्वसाधारण संक्रमित हुने दर बढ्नाले नै चिकित्सक र स्वास्थ्यकर्मी पनि संक्रमित हुन पुगेको उनको भनाइ छ । 'घरमा पनि भौतिक दुरी कायम गर्नुपर्छ,' उनले भनिन् । गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्मा संक्रमण दर बढ्नुको कारण स्वास्थ्य मापदण्ड पालनामा भएको हेलचक्र्याइँ मान्छन् । ओमिक्रोन त केही रहेनछ भन्ने ठान्ने, भीडभाडमा जाने सर्वसाधारणदेखि सबैजसोको मनोवृत्ति र प्रवृत्ति देखिएको उनी बताउँछन् ।

संक्रमण हुनेमा सबैभन्दा बढी कास्की जिल्ला छ । शनिबार कास्कीमा ४ सय ८९ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य निर्देशनलायले जानकारी दिएको छ । प्रदेशका अन्य जिल्लाहरु नवलपरासीमा ६१, स्याङ्जामा १२३, तनहुँमा, ६९, म्याग्दीमा १९, बागलुङमा ३७, लमजुङमा ४५, मुस्ताङमा १, पर्वतमा १६, गोर्खामा ४० जना संक्रमण पुष्टि स्वास्थ्य निर्देशनालयले जनाएको हो र शनिबार संक्रमित मध्य प्रदेशमा २ सय ६८ जना स्वास्थ्यकर्मी छन् । यसमध्ये पनि कास्कीमा सबैभन्दा बढी स्वास्थयकर्मी संक्रमित देखिएका हुन् ।

## २ संक्रमितको मृत्यु

गण्डकी प्रदेशका गोरखा र पर्वतमा कोभिड संक्रमणबाट १/१ जनाको मृत्यु भएको छ । गएको सातायता संक्रमित मृत्युको रेकर्ड शुक्रबार दर्ज भएको हो । गण्डकीमा कोरोनाबाट मृत्यु हुने १ हजार ४ सय ३२ पुगेका छन् । पर्वतको कुश्मा नगरपालिका-१३ की २३ वर्षीया महिलाको बिहीबार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको थियो । उनमा बिहीबार नै कोरोना संक्रमणको पुष्टि भएको हो । बिहीबारै संक्रमण पुष्टि भएका गोरखा नगरपालिका-११ का ४० वर्षीय पुरुषको सोही दिन मृत्यु भएको हो । गण्डकी प्रदेशमा बिहीबार ९ सयजनालाई कोभिड संक्रमण भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

## संक्रमित स्वास्थ्यकर्मी

| क्र.सं. | जिल्ला | संख्या |
|---|---|---|
| १ | गोरखा | ६ |
| २ | मनाङ | ० |
| ३ | मुस्ताङ | ३ |
| ४ | म्याग्दी | ९ |
| ५ | कास्की | १३८ |
| ६ | लम्जुङ | २० |
| ७ | तनहुँ | ४२ |
| ८ | नवलपुर | १७ |
| ९ | स्याङ्जा | १२ |
| १० | पर्वत | १० |
| ११ | बाग्लुङ | ११ |
| जम्मा | | १६८ जना |

> **सरकारले एकचोटि फेरि लकडाउन नै गर्नुपर्छः**
> *डा. भरत खत्री*

# गण्डकीलाई १८ लाख चक्की सिटामोल

**समाधान संवाददाता**
पोखरा, ७ माघ

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै प्रदेशमा पारासिटामोल पठाएको छ । देशभर कोरोनाका बिरामी बढेसँगै पारासिटामोल अभाव भएको थियो । मन्त्रालयले शुक्रबार सातवटै प्रदेशमा पारासिटामोल पठाएको हो । गण्डकी प्रदेशमा १८ लाख चक्की सिटामोल पठाइएको छ ।

सरकारले पठाएको सिटामोट गण्डकी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा आउनेछ । मन्त्रालयका अनुसार सबै प्रदेशमा १ करोड ३३ लाख ४२ हजार ट्याब्लेट पारासिटामोल पठाएको हो । प्रदेश एकमा २७ लाख ६४ हजार, मधेश प्रदेशमा २१ लाख ३० हजार, बागमती प्रदेशमा १० लाख ९८ हजार ट्याव्लेट पारासीटामोल पठाएको छ । लुम्बिनी प्रदेश २७ लाख ३० हजार, कर्णाली प्रदेशमा १० लाख २० हजार र सुदूरपश्चिम प्रदेशमा १८ लाख ट्याव्लेट पठाएको मन्त्रालयले जनाएको छ ।

पछिल्लो समय देशभरको बजारमा अत्यावश्यक औषधी सिटामोल अभाव भएको छ । पृथ्वीचोकको शुभेच्छा मेडिकलका नरहरि पौडेलको पसलमा पारासिटामोल पाइँदैन । भन्छन्, 'एक चक्की पनि छैन, आफन्तै आए पनि दिनसक्ने अवस्था छैन ।' उनले १५ दिनदेखि सिटामोल खोज्दा पनि नपाइएको सुनाए । होलसेलकहाँ २ सातादेखि अर्डर गरेको तर नपाएको उनको भनाइ छ ।

नयाँबजारको भूतपूर्व मेडिकल पसलका तीर्थ अवस्थी आफूकहाँ बल्लतल्ल जोहो गरी ल्याएका एक बट्टा सिटामोल भएको बताउँछन् । उनले पनि अर्डर गर्दासमेत सिटामोल नआएको सुनाए । भन्छन्, 'अहिले भएको १ बट्टामा पनि महँगो हालेर ल्याइयो, पहिला १ सय रुपैयाँ नाफा हुनेमा अहिले ४० रुपैयाँमा झर्न खालको भयो ।' बिरामीले खोजेको कम्पनीको सिटामोल उपलब्ध गराउन मुस्किल भइरहेको अवस्थीले जानकारी दिए । भन्छन्, 'कम्पनी फरक, वा ब्रान्ड फरक पर्छ ।'

पौडेलका अनुसार उत्पादकबाटै नआउँदा होलसेलले पनि खुद्रा औषधि पसललाई सिटामोल दिन नसकेका हुन् । उत्पादकहरुले चाहिँ मूल्यवृद्धि चाहिरहेका छन् । पौडेलले खाँटी सिटामोल कतै नपाएको सुनाउँदै सिटामोलको मात्रा भएका औषधिमात्रै रहेको जनाए ।

> **प्रदेश स्वास्थ्य केन्द्रको भण्डारमा १० लाख चक्की छ**

बजारमा सर्वसाधारणले किन्न नपाए पनि सरकारी स्वास्थ्य संस्थाहरुमा भने सिटामोल पर्याप्त रहेको स्वास्थ्य अधिकारीहरु बताउँछन् । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र गण्डकीमा अहिले १० लाख चक्की प्यारासिटामोल भण्डारण छ । केन्द्रकी सूचना अधिकारी सुस्मिता शर्मा गण्डकीका पालिकाहरुलाई आवश्यक प्यारासिटामोल उपलब्ध गराएपछि त्यतिका मात्रामा औषधि भण्डारमा रहेको बताउँछिन् । 'हामीले २५ लाख चक्की नेपाल औषधी लिमिटेडमा अर्डर गरिसकेका छौं, त्यो पनि छिटै आउँदैछ,' उनले भनिन् ।

स्वास्थ्य कार्यालय कास्कीमा भण्डारण हेर्ने अधिकृत भीमप्रसाद उपाध्याय कास्कीका सबै पालिकाहरुलाई सिटामोल औषधि उपलब्ध गराएर पनि केही भण्डारणमा रहेको बताउँछन् । उनकै भनाइमा कास्की स्वास्थ्य कार्यालयको भण्डारमा १ लाख चक्की सिटामोल बाँकी नै छ । कास्कीका पालिकाहरुले मागेअनुसार दिएको र कास्कीमा सिटामोल पर्याप्त रहेको उनले बताए । केन्द्रकी सूचना अधिकारी शर्माका अनुसार पालिकाहरु आफैंले पनि औषधी खरिद गर्न सक्छन् । त्यस कारण औषधिको खास अभाव नभएको उनको भनाइ छ ।

# निर्वाचन तयारीमा लाग्न आग्रह

**समाधान संवाददाता**
काठमाडौं, ७ माघ



प्रधानमन्त्री शेरबहादुर देउवाले निर्वाचनको तयारी गर्न आग्रह गरेका छन् । शुक्रबार राष्ट्रका नाममा गर्दै उनले एक वर्षभित्र तीनै तहको निर्वाचन गर्नुपर्ने भन्दै तयारी गर्न सम्बन्धित पक्षलाई आग्रह गरेका हुन् ।

'एक वर्षभित्रै तिनै तहको निर्वाचन पूरा गर्नुपर्ने दायित्व रहेको सरकारमाथि छ । निर्वाचनका पूर्व तयारीका कामहरू सम्पन्न गर्न सबै सम्बन्धितसँग अनुरोध गर्दछु,' उनले भने । उनले सरकारले संविधानको कार्यान्वयन, आर्थिक विकास, संवृद्धिलाई प्राथमिता दिएर काम गरिरहेको दाबी गरे ।

उनले अहिले सामाजिक क्रियाकलापमा पनि उल्लेख्य सुधार भएको छ र आर्थिक सुधारका पनि काम भइरहेको बताए । ६५ प्रतिशतलाई पूर्णमात्र खोप लगाइसकिएको उनको भनाइ छ । ७८ प्रतिशतलाई पहिलो मात्रा खोप लगाइएको प्रधानमन्त्री देउवाले बताए ।

देउवाले ५ देखि ११ वर्षसम्मका बालबालिकाका लागि छिट्टै खोप कार्यक्रम प्रारम्भ गर्ने पनि बताए । संक्रमणको रोकथाम, उपचार र निदान आफ्नो सरकारको उच्च प्राथमिकतामा रहेको भन्दै देउवाले सकेसम्म आर्थिक र सामाजिक क्षेत्रमा कम प्रभाव परोस् भन्ने सरकारले चाहेको उल्लेख गरे । 'कोभिड-१९ को नयाँ स्वरूपको ओमिक्रोन भाइरसको संक्रमण हुन नदिनका लागि रोकथाम, नियन्त्रण र उपचारको व्यवस्थालाई भरपर्दो बनाइएको छ। अक्सिजनको पर्याप्त र भरपर्दो आपूर्ति तथा भण्डारण, स्वास्थ्य पूर्वाधारको विस्तार र जनशक्तिको व्यवस्थापनमा सुधार गरिएको छ,' उनले भने ।

> **५ देखि ११ वर्षसम्मका बालबालिकाका लागि छिट्टै खोप कार्यक्रम प्रारम्भ गर्ने**

कोभिड १९ को सामना गर्न सरकारी अस्पतालमा पूर्वाधार अक्सिजन, भेन्टिलेटर तथा क्षमतामा बढोत्तरी गरिएको जानकारी दिए ।

कोभिड १९ को नयाँ स्वरुपको ओमिक्रोन नियन्त्रणका लागि स्वास्थ्य पूर्वाधार तथा जनशक्ति बढाइएको छ । 'नेपाल विकसित राष्ट्रमा अघि बढेको छ । विकाशील राष्ट्रमा पुग्ने हाम्रो अभियान हो । संविधानको कार्यान्वयन, आर्थिक समृद्धि, विकासलाई मुख्य प्राथमिकतामा राखेर काम गरिएको छ,' उनले भने ।

उनले किसानहरूलाई समयमै रासायनिक मल वितरण गर्न बजेट वृद्धि गरेर १५ अर्ब पुऱ्याइएको पनि बताए । १ लाख ३ हजार टन मल आयात गरेर वितरण गरिएको उनको भनाइ छ । थप रसायनिक मल आयातका लागि १३ अर्ब बजेट व्यवस्थापन गरेको जानकारी दिँदै उनले जीटूजी माध्यामबाट थप रासायनिक मल खरिद प्रक्रिया अघि बढ्ने बताए ।



–कविता–

# लुतो



**श्यामल**

बस्, एउटै कुरामा छ आनन्द
कन्याइरहनुमा
कविता, कथा र चित्र लेख्ने हातहरुले
फगत आङ कन्याइरहनुमा
विद्रोहमा उचालिने हातहरुले
आफ्नै शरीरका कापहरुमा
चलाइरहनुमा ।

लुतो लागेपछि
हराउँछ सोच र दृष्टि
आफ्नै अगाडि भएको व्यभिचार
व्यभिचार हुँदैन
आफैमाथिको अत्याचार
अत्याचार हुँदैन
मानिस व्यस्त हुन्छ बिर्सेर यावत् कुरा
विचार, स्मृति, बहस
र वरिपरिको दुनियाँको कुरा
बस्, एउटै हुन्छ आनन्दको स्रोत
आफ्नै जीउ कन्याइरहनुमा ।

लुतो लागेपछि केवल लुतो लाग्छ
आमा-बाबु र छरछिमेकको माया लाग्दैन
जब लाग्छ लुतो कसैलाई
बाँदरलाई घाउ लागेजस्तो
ऊ बिर्सन्छ बाल्यकालका स्मृतिहरु
आफ्नो छानामाथि लाग्ने घामको ताप
वा आफ्नी आमाको चौबन्दीमा
मगमगाउने दूधको सुगन्ध
सबै बिर्सन्छ लुतोग्रस्त मानिस
र एउटै कुरामा व्यस्त हुन्छ
आङ कन्याइरहनुमा ।


लुतो एक विचार रहेछ
मानिसलाई विचारशून्य बनाउने
आद्यबिम्बसहितको उत्तर-आधुनिक विचार
रोग र औषधि दुवै बेच्ने
नाफाखोर बजारजस्तो लुतो
जहाँ रहँदैन मानिस मानिस भैं
बस, कन्याइरहन्छ आफ्नो आङ
तृप्त, आनन्दविभोर र बिलकुल एक्लो
मजा लिइरहन्छ
आफ्नो आङ कन्याइरहनुमा ।

......

## ऊ कुनै नाम छान्दैन

बुस, गोर्भाचोभ, तेङ वा राजीव गान्धी
अहँ, ऊ कुनै नाम छान्दैन
कुनै पनि नाम
सद्दाम होस्
चाहे कुवेतको अमीरको नाम होस्
या अली खमेनीको
मैले थुप्रै नाम दिएँ
तर ऊ नाम छान्दैन
ऊ कसैलाई महान् मान्दैन
सर्स्यूँको बोटमाथि टप्केको
एक थोपा शीतको ऐनामा
हिजो उसले हेऱ्यो आफ्नो सफा अनुहार
र आज साँझ पियो
दुई गिलास रक्सी
मैले उसलाई भनेँ- बुस, गोर्भाचोभ
अहँ, ऊ कुनै नाम छान्दैन
वश,
एउटा नाम उसलाई मन पर्छ-
कोक कारखानाबाट निकालिएको
कुनै हरुवा मजदुरको नाम
जितबहादुर
जो ऊ आफैँ हो
मैले उसलाई भनेँ-
बुस, गोर्भाचोभ
तर ऊ कुनै नाम छान्दैन ।

# सुदूर पशिचम चिनाउँदै २५ वर्षे ठिटो



**वसन्त पहारी**

माछापुच्छ्रे हिमाल र अन्नपूर्ण हिमशृंखलाले आफ्नो प्रतिविम्ब फेवातालमाई चिनो दिँदै गर्दा, उनी त्यो दृश्य कैद गर्न व्यस्त थिए । पोखरा ड्यामसाइडमा भेटिएका उनी अर्थात् हिमालय भट्ट आफ्नो रुचिप्रति आफ्नो नाममा भएको हिमाल जस्तै अडिग र अचल देखिन्थे । सुदूरपश्चिममा विकासको विनासले नछोएको र प्राकृतिक सौन्दर्यले भरिपूर्ण ठाँउमा जन्मिएका हिमालयको रुचि हो, घुम्ने र सुदूर पश्चिमलाईनेपाल र विश्वमाझ चिनाउने ।

उनले दिनमा त घुम्ने योजना बुन्छन नै तर सपना पनि नयाँ नयाँ ठाउँ डुलेकै देख्छन । सामाजिक सञ्जाल फेसबुकमा आफ्नो नाम पछाडि 'फेरुवा' भनेर राखेका उनले; मेरो जिज्ञासा भरिएको प्रश्नको उत्तरमा भनेका थिए, 'फेरुवा एक डोटेली शब्द हो' जसको अर्थले बिनाकाम वा बेक्कारमा डुल्ने मान्छेलाई जनाउँछ । गाउँघरमा सबैले उनी सधैं डुलेको देखेर त्यही शब्दले चिन्न बोलाउन थालेका रहेछन् । त्यसपछि हिमालयले हिउँ जस्तै चम्किलो सपना देखेका रे फेरुवा भएर नै केही बनेर देखाउँछु भन्ने । सोही अठोटको परिकल्पनामा उक्त उपनाम आफ्नो पछाडि राख्ने गरेको उनले बताए ।

उनी दार्चुला जिल्ला, महाकाली नगरपालिका, जाइभुलका बासिन्दा हुन् । उसो त सुरुआती दिनमा आफू घुमेर दार्चुलाका नयाँ ठाउँहरुको तस्बिर सामाजिक सञ्जालमा राख्दा नेपाल बाहिरको तस्बिर राखेर अरुलाई झुक्काउन खोज्ने भनेर गाली र नकारात्मक प्रतिक्रिया नपाएका भने होइनन् । तर बिस्तारै नयाँ ठाउँबारे जानकारी, जाने बाटो र सम्बन्धित लेखहरुले अनि उनले खिचेका तस्बिर दार्चुलाभित्रकै ठाउँ हुन भन्ने दर्शाएपछि उनलाई उनको सपनामा लागि पर्न थप ऊर्जा मिल्यो । सदरमुकाम खलंगा जान्छु भनेर घरदेखि निस्किने अनि मोबाइल अफ गरेर दार्चुलाका कुना कन्दरा अनि पहाडका उचाईमा हराउने उनको बानी लागिसकेको थियो ।


प्रकृतिसँगै रमाउँदै खिचेका तस्बिरहरु उनले फेसबुकमा 'भिजिट दार्चुला' पेजमार्फत पोस्ट गर्न थाले । पेजको नाम घेरैसँग जुधेको देखेपछि भने नामको पछाडि 'अ हिडन हेवन' अर्थात लुकेको स्वर्ग थपे । नमर्दै स्वर्गको सपना देख्ने मानिसले, लुकेको स्वर्ग नै भनेपछि केही न केही नयाँ र फरक होला भन्ने उत्सुकताका साथ सोचे र हिमालयले कैद गरेका दार्चुलाका तस्बिरहरुमा मानिसहरुको आकर्षण बढ्न थाल्यो । लाइक कमेन्ट पनि बढ्दै गए । सकारात्मक प्रतिक्रियाको बाढी बेमौसममा आउने बाढी भैँ उर्लेर आउन थाल्यो । जसले गर्दा आफ्नो इच्छा प्रती उनी थप हौसिदै गए ।

मोबाइलबाट तस्बिर खिचेर राख्ने गरेका उनलाई त्यही ठाउँ अल्ली राम्रो क्यामराबाट खिचेर राख्न पाए झन छिटो प्रवर्द्धन हुन्थ्यो कि भन्ने सधैं लागिरहन्थ्यो । तर लागेको कुरा पुरा हुन पनी थप कार्य चाहिन्छ भन्ने ज्ञान पाएपछि उनले दिन प्रतिदिन फैलिँदै गरेको सामाजिक सञ्जालको मद्दत लिए, जुन निर्णयपछि उनलाई वरदान सावित भयो । सुदुरपश्चिम चिनाउने सपना पूरा गर्न राम्रा तस्बिर चाहिने र ती तस्विर कैद गर्न राम्रो डिएसएलआर क्यामरा खाँचो भएको भनेर पोस्ट गरेको दुई चार दिनमै उनले १ लाख २५ हजार संकलन गरे । त्यसबाहेक हिमालयको आफ्नो जन्मथलो प्रतिको समर्पण देखेर अरु बाँकी रकम उनकै स्थानीय तहले सहयोग गऱ्यो । स्रोत मात्रले पनी कहाँ हुन्थ्यो र ? फोनबाट फोटो खिच्ने उनलाई सुरुका दिनमा डिजिटल क्यामराको खासै ज्ञान थिएन । त्यसैले उनले आफूजस्तै नेपाल चिनाउन लागिपरेका बागलुङका सन्दीप शर्मासँग परामर्श लिए र सन्दीपले क्यानन कम्पनीको नाइन्टी डि लिन सुझाएपछि सुरु भयो हिमालयको हाइक्वालिटी फोटोग्राफीको यात्रा । त्यस लगत्तै, १ लाख नब्बे हजारको क्यामरा हातमा परेपछि भने उनी आफ्नो सपना ढिलो चाँडो पक्कै पूरा हुनेमा विश्वस्त भए ।

आफ्नै पेजमार्फत मात्र तस्बिर पोस्ट गर्ने गरेका भट्टको कुराकानी दारी ग्याङ सुदूरपश्चिमका संयोजक दिनेश बोहोरासँग हुन पुग्यो । बोहोराले दारी ग्याङको ग्रुप र पेजमार्फत भट्टका तस्बिरहरुलाई अझै प्रचार प्रसार गर्न सकिने सम्भावना बारे कुरा गरेपछि उनको सपना पूरा हुनेतर्फ अर्को खुट्किलो पार भयो । बिस्तारै फेसबुकका अरु पेज/ग्रुपहरु रुटिन अफ नेपाल बन्द, नेपलिज इन फोटोग्राफी, ट्रोल नेपाल मार्फत पनि भट्टले खिचेका सुदुरपश्चिम चिनाउने मनमोहक तस्बिरहरु पोस्ट हुन थाले । सामाजिक सञ्जाल उनलाई मानौं एउटा वरदान नै सावित भयो । त्यसपछि दार्चुला घुम्न जान उनलाई जानकारी सोध्न फोन, मेसेज आउन निरन्तर आउन थाले । र नभन्दै गएको पर्यटकीय मौसममा पाँच सयभन्दा बढी आन्तरिक पर्यटक दार्चुला पुगेको उनले बताउँदा हिमालयको मुहार साँच्चै नै हिमाल टल्केभैँ टल्किएको थियो, सन्तोषको किरणले ।

अपि हिमालको बेस क्याम्पमा यही वर्ष, अहिलेसम्मकै धेरै आन्तरिक पर्यटक पुगेको जानकारी पनि उनले दिए । उनी आफैं पनि योचोटि अपिबेस क्याम्प पुगेका रहेछन् । स्वास्थ्य सहायक पढेर सकाएपछिको खाली समयमा काठमाडौं बस्दा उनले त्यहाँ नौलो कुरा अनुभव गर्न पाएका रहेछन् । कालिन्चोक जान काठमाडौंका साथीहरु हिउँ पर्ने समय कुरिरहेको देख्दा उनले आफ्नै गृहजिल्ला दार्चुलामा अवस्थित विभिन्न स्थानमा कालिन्चोक जत्तिकै समु सतहको उचाईमा धेरै समयसम्म हिउँ रहिरहने सम्झिए । र घुम्न जानलाई हिउँ कुर्नेपर्ने बाध्यता छैन भन्ने उनलाई महसुस भयो । हिउँले ढकमक्क हुने आफ्नो ठाउँलाई किन प्रवर्द्धन नगर्ने त भनेर उनले मनमनै अठोट गरेर दार्चुला फर्किए ।

उनलाई आजकल तस्बिर खिचेर नै साधारण जीवनयापन गर्न पुगिरहेको छ । सँगैका साथीहरु भने सीमापार धार्चुला बजार, तिंकर नाकातिर व्यापार गर्न पुगेका छन् । केही साथीहरु भने विदेश पलायन भइसके । उनी आफूलाई भने कहिल्यै पनि विदेश जाने सोच पनि आएन । उनी नियमित जागिर व्यापार केही गर्दैनन । बितेका ३/४ वर्षमा ५ लाखभन्दा बढी रकम त उनले घुमफिरमै सके । उनलाई त्यसको कुनै पछुतो छैन । नयाँ कुरा सिक्न पाए । देशलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने तस्बिरहरु संकलन गर्न पाए । आफू पनि धेरै माझ परिचित भए । यिनै कुराहरुले नै उनी आफूलाई गौरवान्वित ठान्छ्न ।



**दार्चुलाका तस्बिर सामाजिक सञ्जालमा राख्दा नेपाल बाहिरको राखेर झुक्काउन खोज्ने भनेर गाली पाए**

गृहजिल्लाबाट देखिने हिमाल र फेवाकिनारमा बसेर कुरा गरिरहँदा देखिएको अन्नपूर्ण हिमशृंखलामा कुन राम्रो लाग्योभन्दा उनले गृहजिल्ला नै रोजे । धनगढीसम्म झर्दा पनि उनलाई सहरी हल्लाले झिँझो लाग्दो रहेछ । महत्वपूर्ण काम बाहेक उनी खासै गृहजिल्ला बाहिर निस्किदैनन् । उनलाई आफ्नै घर गाउँ प्यारो लाग्छ ।

प्रविधिको फड्कोले पहिले जस्तो पोस्ट्कार्ड, फोटो छपाएर ठाउँहरुको प्रवर्धन गर्ने जमाना छैन । सामाजिक सञ्जाल नै अहिलेको मुख्य अस्त्र हो भन्ने कुरा उनले बुझिसकेका छन् । धेरै मान्छे चिन्न, साथीभाइहरुसँग अन्तर्क्रिया गर्न, सकारात्मक ऊर्जा भरिएका सल्लाह सुझाव लिन उनलाई सामाजिक सञ्जालले नै सहयोग पुऱ्याएको हो । जुनसुकै काम/क्षेत्र होस, फोटोग्राफी होस् या अरु, त्यो कामले जबसम्म जीविकोपार्जन गर्ने अवस्था सिर्जना गर्दैन, तबसम्म घरपरिवार अनि समाजले विश्वास नै गर्दैन । आफ्नो रहर सपना पछ्याएरमात्र हुँदैन, त्यो रहरले आफूलाई जीवन चलाउन सक्ने अवसरमा परिणत गर्छ कि गर्दैन भन्ने पनि सोच्नुपर्ने उनले बताए ।

दार्चुलाका सबै ठाउँ उनी पुगिसके । अब उनको सोच सुदूरपश्चिमका अरु जिल्ला सबै घुमेर सक्ने छ । स्वास्थ्य क्षेत्रमै अब थप केही गर्ने उनको रुचि छैन । नगरपालिका र स्थानीय निकाय पनि आजकल भट्टका काममा थोरै नै भए पनि सहयोग गर्नमा तत्पर छन् । सुरुआती दिनमा सहयोग नपाउँदा भने उनी निकै दुखी पनि भएका थिए । पर्यटक भित्र्याउन विभिन्न पदमार्गको जानकारी सामाजिक सञ्जालमार्फत धेरै माझ पुऱ्याउने, पर्यटकीय गन्तव्यमा चिन्हहरु राख्ने, वृत्तचित्रहरु बनाउने, साना साना पम्प्लेट, बुकलेट मार्फत प्रवर्द्धन गर्ने, जिल्लाको विमानस्थल सुधार गर्ने र स्थायी उडानका लागि पहल गर्ने लगायत धेरै उपाय छन । उनी एक्लैले सबै काम गर्न पक्कै सम्भव छैन । यसमा स्थानीय निकायको भूमिका अपरिहार्य रहन्छ ।


*पहारी लेकसिटी कलेज एन्ड रिसर्च सेन्टर पोखरामा पत्रकारिताका विद्यार्थी हुन् ।*

नीति कथा

# यसरी सफलता

एक पटकको कुरा हो । बस्ती छेउमा सानो जंगल थियो । त्यो जंगलको एउटा छेउमा मध्यम खालको पोखरी थियो । त्यस पोखरीमा केही भ्यागुता बस्दै आइरहेका थिए । त्यसमध्ये केही भ्यागुता जंगल घुम्न निस्किए । मध्याह्नको समय थियो । चर्को घाम लागिरहेको थियो । तर पनि हावा निरन्तर चलिरहेको थियो । ती भ्यागुता रमाउँदै अघि बढे ।

ठाउँठाउँमा खाल्डाखुल्टी थिए । तिनमा पनि बुरुक्कबुरुक्क उफ्रँदै अघि बढे । पानी जमेका खाल्डामा पनि अनेक उपाय लगाएर अघि बढे । तर बाटोमा एउटा धेरै ठूलो खाडल आयो । त्यो खाडल धेरै गहिरो पनि थियो ।



अरू खाल्डा जस्तै ठानेर ती भ्यागुता फुत्त उफ्रिए पारी तर्न । तर दुर्भाग्य, अचानक केही भ्यागुता त्यो गहिरो खाल्डोमा खस्न पुगे ।

खाल्डोमा खसेका भ्यागुता सबैले बाहिर निस्कने प्रयास गरे । थाकेपछि चुप भएर खाल्डोमै बसे । एउटा भ्यागुताले भने बाहिर निस्कने कोसिस जारी राख्यो । तर बाहिर रहेका उसका साथीहरूले भने- 'अब तिमी बाहिर निस्कन सक्दैनौ । यो खाल्डो यति गहिरो छ कि तिमीले बाहिर निस्कने प्रयास गर्नु बेकार छ ।'

उसले प्रयास रोकेन, हरेश खाएन । साथीहरूको कुरा सुनेर अरू भ्यागुताले बाहिर निस्कने प्रयास गरेनन् । बाहिर निस्कने प्रयास गर्ने त्यो भ्यागुताले भने निरन्तर प्रयास गरिरह्यो । अन्ततः ऊ बाहिर निस्की छाड्यो । अरू भ्यागुताले भने खाल्डोभित्रै प्राण त्याग गरे ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य उत्तरायणं, शिशिरर्तुः, राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल माघ ९ गते रविबार नेपालसम्बत ११४२ पोहेलागा सन् २०२२ जनवरी २३ तारिक कृष्णपक्ष पञ्चमी तिथि प्रातः ७ वजेर ८ मिनेटसम्म, उत्तरफाल्गुनी नक्षत्र प्रातः ९ वजेर ३४ मिनेटसम्म, अतिगण्डयोग, तैतिलकरण, आनन्दादियोग मित्र, सूर्य मकर राशिमा, चन्द्रमा कन्या राशीमा ।

## राशिफल



**वेदनिधि तिमिल्सिना**
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ आत्म सन्तुष्टि दिने खालका काम हुने छैनन ।
- **वृष** ■ घरयासी खर्चमा वृद्धि, काम गर्दा आलोचना बढ्ने ।
- **मिथुन** ■ हतारमा निणर्य गरेर फूर्सदमा नपछुतानु होला ।
- **कर्कट** ■ प्रयत्नपूर्वक गरेका काम सफल हुनेछन् ।
- **सिंह** ■ व्ययमा कमि आउनेछ भने आम्दानी बढ्नेछ ।
- **कन्या** ■ आम्दानीका मार्ग खुम्चिने,व्ययका मार्ग खुल्नेछन् ।
- **तुला** ■ नोकरी तथा राजनीतिमा अवसर आउन सक्छ ।
- **वृश्चिक** ■ भाग्यले साथ दिदा काममा सफलता मिल्नेछ ।
- **धनु** ■ समय र स्वास्थ्यमा सामान्य सुधार आउनेछ ।
- **मकर** ■ दैनिक काम काजमा अवरोध आउन सक्छ ।
- **कुम्भ** ■ काममा ढिला सुस्ति नगर्नु उपलब्धि घट्नेछ ।
- **मीन** ■ प्रयत्नपूर्वक गरेका कामबाट लाभान्वित हुने ।


## वर्गीकृत विज्ञापन डिस्प्ले

**WANTED**

- One (1) Supervisor: Salary 25,000- 30,000. Minimum 2 years experience in related field.
- Five (5) Sales Executives: Salary 20,000-25,000. Must have own bike and license.
- Two (2) Accountants (Female): Salary 20,000-25,000. Minimum 2 years experience in related field.

Address:
**Open House Shopping Complex**
Pokhara, Chipledhunga,
Contact: 9802880800

**सटरहरु भाडामा**

महेन्द्रपुल स्थित अन्नपूर्ण सुपर मार्केट भित्र केही सटरहरु खाली भएको हुँदा व्यापार, व्यवसाय गर्न इच्छुक व्यक्तिहरुले तु-सम्पर्क राख्नुहोला ।

**नोटः** *पसल, बैंक, सहकारी संस्था, कम्प्यूटर इन्स्टिच्यूट आदिको लागि उपयुक्त ।*

**सम्पर्कः ९८२६१६८१६६**

**तु-आवश्यकता**

**इलेक्ट्रिक पसलको लागि ३ जना कर्मचारी चाहियो ।**
(महिला- १ जना, पुरुष- २ जना)

सम्पर्कः
**न्यू गिरी इलेक्ट्रिकल स्टोर्स**
जिरो कि.मी., पोखरा-५
**फोन नं.: ०६१-५३६५५८**

**कामदार चाहियो**

**घरायसी कामको लागि एक कामदार चाहियो ।**

सम्पर्क
**98560-21533**

**म:म बनाउन जान्ने चाहियो**
**महिला -२ जना**
**पुरुष- १ जना**

**सम्पर्क :**
**९८५६००९३००**

Samadhan Media Pvt. Ltd.
eSewa

# बेनी–जोमसोम सडकमा टाइम कार्ड

**समाधान संवाददाता**
जोमसोम, ७ माघ

उत्तरी कोरलानाका जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकखण्डमा टाइम कार्ड लागु गरिएको छ । जिल्ला प्रशासन कार्यालय म्याग्दीले बिहीबार एक सूचना प्रकाशित गर्दै बेनी-जोमसोम सडक आयोजनाको काभ्रेभीरमा महभीर खण्ड रक कटिङ गर्नुपर्ने र तातोपानीदेखि नौनी बगर सडक विस्तार एवं स्तरोन्नति तीव्ररुपमा अघि बढाउनुपर्ने भन्दै टाइम कार्ड लागु लगाएको हो ।

बेनी-जोमसोम सडकको काभ्रेभीरमा पनि रक कटिङ गरी सडक चौडा गर्ने कार्य भइरहेको छ । एक साताअघिबाट त्यहाँ ब्लास्टिङ गरी सडक चौडा गर्ने काम भएको थियो । काभ्रेभीरमा सडक स्तरोन्नति गर्न टाइम कार्ड लगाइएको थिएन । महभीर र नौनी बगरमा लगाइको टाइम कार्डले काभ्रेभीर सडक स्तरोन्नतिलाई समेत सहयोग पुग्ने देखिएको छ ।

यसअघि बेनी-जोमसोम सडकमा टाइम कार्ड लागु नहुँदा सडक स्तरोन्नति कार्यमा बाधा पर्दै आइरहेको थियो । म्याग्दी प्रशासनका अनुसार बेनी-जोमसोम सडकको काभ्रेभीरमा माघ १० गतेदेखि माघ २९ गतेसम्मका लागि दैनिक ६ घण्टा सडक आवागमन बन्द गर्ने गरी टाइम कार्ड लगाइएको हो ।



रक कटिङका लागि होल खोल्दै सडक स्तरोन्नतिमा खटिएका मजदुर ।
*तस्बिर : सुन्दरकुमार थकाली*

**काभ्रे भिरमा १.२ किमी सडक विस्तारमा डोजरको सहायताले मात्रै ट्र्याक निर्माण नभएपछि विष्फोटक पदार्थको प्रयोग**

जसअनुसार ८ बजे देखि ११ बजे र दिउँसो १ बजे देखि ४ बजेसम्म सडक बन्द हुने जनाइएको छ । राष्ट्रिय गौरवको कोरला सडकखण्डको स्तरोन्नति आव २०७३/०७४ सालदेखि सुरु गरिएको थियो । बेनी-जोमसोम ७६ किमी ४ खण्ड र जोमसोम-कोरला ११० किमी ७ खण्डमा काम भइरहेको थियो । कमजोर धरातलीय संरचनाका कारण प्राकृतिक विपद्ले बेनी-जोमसोम खण्ड बर्सेनि स्तरोन्नति कार्यमा बाधा पुग्ने गरेको छ ।

राष्ट्रिय गौरवको कोरला सडकअन्तर्गत जोमसोम-कोरला ९५ प्रतिशत भौतिक प्रगति हुँदा बेनी-जोमसोम खण्डमा जम्मा ६५ प्रतिशत मात्र भौतिक प्रगति भएको हो । विसं २०७४ मा सुरु भएको चीनको स्वशासित क्षेत्र कोरला नाका जोड्ने सडक सात अर्ब २७ करोडमा ठेक्का सम्झौता भएको थियो ।

एक सय ८६ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक आयोजनाको कार्यक्षेत्र बागलुङ र पर्वतको सिमानामा रहेको मालढुंगादेखि म्याग्दीको बेनी, मुस्ताङको जोमसोम हुँदै कोरला नाकासम्म पर्छ । महभीर र नौनीबगर खण्डमा ११ मिटर सडक बनाएर कालोपत्र गर्न शर्मा-युनाइटेड जेभीले ठेक्का लिएको थियो ।

उन्नाइस किमी दुरीको म्याग्दीको गलेश्वर-नारच्याङ पुल खण्डको गलेश्वर र राहुघाटदेखि बेगखोलासम्मको छ किमी सडकमा गत जेठमा डिबिएसडी प्रविधिको कालोपत्र सुरु भएको थियो । बेगखोलादेखि नारच्याङ पुल खण्डको अधिकांश भागमा पनि बिस्तार, पर्खाल र नाली निर्माणको काम सकिएको छ । आगामी चैत महिनाभित्र कालोपत्र गर्ने तयारीसहित कतिपय ठाउँमा सब बेस राखिएको छ ।

सडकखण्डको सबैभन्दा जोखिम मानिने म्याग्दी र मुस्ताङको सिमानामा पर्ने काभ्रे भिरमा १.२ किमी सडक विस्तारका लागि डोजरको सहायताले मात्रै ट्र्याक निर्माण नभएपछि विष्फोटक पदार्थको प्रयोगले भिर फुटाउन ६० टन विष्फोटक पदार्थको प्रयोग गरिने भएकाले उक्त क्षेत्रमा समेत अर्को कार्यतालिका बनाएर सडक बन्द गरेर काम गर्नुपर्ने अवस्था छ ।

# जापानमा ५ वर्षमाथिलाई पनि खोप

टोकियो, ७ माघ (सिन्ह्वा)– जापानमा कोरोनाभाइरस विरुद्धको फाइजर खोप ५ देखि ११ वर्षसम्मका बालबालिकालाई पनि लगाइने भएको छ । जापानको स्वास्थ्य मन्त्रालयले ५ देखि ११ वर्षसम्मका बालबालिकालाई पनि फाइजर खोप लगाउने निर्णय शुक्रबार गरेको हो ।

कोरोनाभाइरसबाट संक्रमितको संख्या बढ्दै गएको र बालबालिकामा जोखिम धेरै देखिएपछि सरकारले यस्तो निर्णय गरेको अधिकारीहरूले जनाएका छन् । पछिल्लो विवरणअनुसार ५ देखि ११ वर्षसम्मका बालबालिका जापानमा ८० लाख छन् । उनीहरूलाई आगामी मार्चदेखि खोप लगाउन थालिनेछ ।

अमेरिकी र जर्मनी कम्पनीले सहकार्य गरेर विकास गरेको यस खोप तुलनात्मक रुपमा अरुभन्दा विश्वसनीय र प्रभावकारी रहेको जापानका सरकारी अधिकारीहरूको बुझाइ छ । जापानमा १२ भन्दा बढी उमेरका नागरिकलाई भने यसअघि नै खोप उपलब्ध गराइसकेको छ । विभित्र कारणले खोप लगाउन छुटेकाहरूलाई पनि जापान सरकारले खोप लगाउन उत्प्रेरित गर्ने गरेको छ ।

कोरोनाभाइरसका नयाँ नयाँ भेरियन्ट आइरहेकाले त्यसबाट जोगाउनका लागि खोप नै सबैभन्दा भरपर्दो र उपयुक्त उपाय भएकाले खोप लगाउने निर्णयमा पुगिएको जापानका मन्त्री नोरिको होरिउचीले जानकारी दिए ।

कतिपयले भने बालबालिकालाई खोप लगाउने निर्णय अवैज्ञानिक र घातक हुने, प्रतिकूल प्रभाव पर्ने भन्दै विमति पनि जनाएका छन् । विरोध हुँदै गर्दा पनि सरकारले सरोकारवाला तथा विज्ञहरूको रायका आधारमा बालबालिकालाई खोप लगाउने निर्णयमा पुगेको मन्त्री होरिउचीको भनाइ छ । अन्य देशहरूमा गरिएको परीक्षणका क्रममा फाइजर खोप बालबालिकाका लागि ९०.७ प्रतिशत प्रभावकारी देखिएको पनि उनले बताए ।

# बागलुङका नाकामा सहायता कक्ष

**राष्ट्रिय समाचार समिति**
बागलुङ, ७ माघ

कोरोनाको तेस्रो लहरको संक्रमण तीव्र रुपमा फैलिएको बागलुङमा स्वास्थ्य सुरक्षा अपनाउन थालिएको छ । कोरोनाका कारण घर फर्कनेको विवरण तयार गर्ने र स्वास्थ्य परीक्षण गर्नका लागि जिल्ला प्रवेश गर्ने पाँच नाकामा स्वास्थ्य सहायता कक्ष राखिएको छ ।

कोरोनाको पहिलो र दोस्रो लहरमा समेत स्थापना गरेको स्वास्थ्य सहायता कक्षलाई पुनः सक्रिय पारिएको हो । जिल्लाको सीमा नाकामा कडाइ गरिएको छ । अन्तरजिल्ला आवतजावत खुल्ला भएको, छिमेकी मित्रराष्ट्र भारत तथा तेस्रो मुलुकबाट र देशका मुख्य सहरबाट जिल्लाभित्र प्रवेश गर्ने व्यक्तिको संख्यामा वृद्धि भएको अवस्थामा नाकामा स्वास्थ्य सहायता कक्ष स्थापनाका साथै कडाइ गर्न सुरक्षा निकायलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी रेशम ढकालले जानकारी दिए ।

बागलुङ नगरपालिका-१ मालढुंगा, बडिगाडको खर्बाङ, जैमिनीको छिस्ती, बरेङ र निसीको भलकोट नाकामा स्थानीय तहको समन्वयमा स्वास्थ्य परीक्षण र विवरण संकलन गर्न लागिएको छ । जिल्लामा अहिले सक्रिय संक्रमितको संख्या २५० पुगेको स्वास्थ्य कार्यालयका कोरोना स्रोत व्यक्ति देवप्रकाश घिमिरेले जानकारी दिए । पछिल्ला पाँच दिनमा संक्रमितको संख्या १४ बाट बढेर २५० पुगेको छ । 'अहिले तपाईको मास्क खोइ ?' अभियानलगायत चेतनामूलक कार्यक्रम गर्न थालिएको छ ।

# शुक्लागण्डकीमा अत्यावश्यक बाहेकका सेवा बन्द

दमौली, माघ ७ (रासस)– कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएपछि तनहुँको शुक्लागण्डकी नगरपालिकाले अत्यावश्यकबाहेकका सेवा बन्द गर्ने निर्णय गरेको छ । नगरपालिकास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बिहीबार बसेको बैठकको निर्णयअनुसार नगरपालिकाबाट हुने अत्यावश्यकबाहेकका सेवा अर्को निर्णय नभएसम्मका लागि बन्द गरिएको छ ।

कार्यालयमा कार्यरत १६ विभिन्न तहका कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएकाले कार्यालयको सेवा बन्द गर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत लीलाबल्लभ न्यौपानेले जानकारी दिए । उनका अनुसार नगरपालिकामा तत्काल उपलब्ध कर्मचारीबाट आलोपालो प्रणालीमार्फत अत्यावश्यक सेवा प्रदान गरिनेछ ।

नगरपालिकाअन्तर्गतका वडा कार्यालय, सेवा केन्द्र र इकाइमा जनस्वास्थ्यका मापदण्ड पालना गरी सेवा प्रवाह सञ्चालन रहने उनले बताए । जिल्ला संकट व्यवस्थापन केन्द्रको निर्णयअनुसार माघ ७ गतेदेखि सरकारी कार्यालयबाट प्राप्त हुने सेवा लिन जाँदा अनिवार्यरुपमा खोप कार्ड देखाउने व्यवस्था भएबमोजिम नगरपालिका र अन्तर्गतका वडा कार्यालय, सेवा केन्द्र र सेवा इकाइबाट सेवा लिन आउँदा अनिवार्य खोप कार्ड साथमै लिइ आउन नगरपालिकाले अनुरोध गरेको छ ।

शुक्लागण्डकी नगरपालिकाभित्र खोप नलगाएका व्यक्तिको खोज तथा पहिचान एवं खोप व्यवस्थापन गर्न सम्बन्धित वडा कार्यालय, टोल विकास संस्था महिला स्वयंसेविकासँग समन्वय गरी लगत तयार गर्न स्वास्थ्य शाखालाई निर्देशन दिइएको छ ।

नगरपालिकाले एन्टिजेन परीक्षणको नतिजा नेगेटिभ आएका व्यक्तिको पीसीआर परीक्षण प्रत्येक हप्ताको सोमबार खैरेनीटार स्वास्थ्यचौकीबाट सञ्चालन गर्ने र कोभिड-१९ को लक्षण भएका व्यक्तिको निःशुल्क एन्टिजेन परीक्षण प्रत्येक दिन खैरेनीटार स्वास्थ्यचौकीबाट सञ्चालन गर्ने निर्णय गरेको छ ।

कोभिडबाट संक्रमितलाई स्वास्थ्यमा जटिलता देखिएमा थप उपचारको व्यवस्थापनका लागि जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्र तथा प्रादेशिक कोभिड अस्पतालसँग समन्वय तथा सहकार्य गर्ने, होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा निजको स्वास्थ्यको अवस्थाका सम्बन्धमा रिपोर्टिङ तथा अनुगमन गर्न नगरपालिकाका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी सम्मिलित द्रुत प्रतिकार्य समूह गठन गरिएको छ । नगरपालिकाले वडा नं ४ मा रहेको खैरेनीटार स्वास्थ्यचौकीको दोस्रो तल्लामा पाँच शय्याको अस्थायी कोभिड अस्पताल सञ्चालन गर्ने निर्णय गरेको छ ।

# माछापुच्छ्रे बैंकको नाफा १ अर्ब

**निलब लामिछाने**
पोखरा, ७ माघ

माछापुच्छ्रे बैंकले चालु आर्थिक वर्षको ६ महिना अर्थात् पुस मसान्तसम्म १ अर्ब १ करोड रूपैयाँ खुद नाफा कमाएको छ । बैंकले अघिल्लो वर्षको पुस मसान्तभन्दा २१ करोड रूपैयाँले बढी नाफा कमाएको हो ।

बैंकको खुद ब्याज आम्दानी बढेर २ अर्ब २४ करोड रुपैयाँ पुगेको छ । बैंकको पिई रेसियो १६.८४ रहेको जनाएको बैंकले प्रतिसेयर नेटवर्थ १३४.५ रूपैयाँ कायम भएको बताएको छ । बैंकको कस्ट अफ फन्ड र बेस रेट बढेका छन् भने ब्याजदर स्प्रेड २.८७ प्रतिशतमा खुम्चिएको छ । बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको पुस मसान्तसम्मको वित्तीय विवरण अनुसार बैंकको वितरणयोग्य मुनाफा ६४ करोड ४७ लाख रूपैयाँ पुगेको छ ।

# ६ लाख २७ हजार चिनियाँ अधिकारी कारबाहीमा

बेइजिङ, ७ माघ (रासस)– चीनको कम्युनिस्ट पार्टी अफ चाइना (सिपिसी) को अनुशासन र कानुन उल्लङ्घन गरेको भन्दै प्रान्तीय र मन्त्रीस्तरका ३६ जनासहित कुल ६ लाख २७ हजार चिनियाँ अधिकारीलाई कारबाही गरिएको देशको शीर्ष भ्रष्टाचारविरोधी निकायले जनाएको छ ।

देशभरका अनुशासनात्मक र पर्यवेक्षक अधिकारीहरूले ३८ लाखभन्दा बढी सार्वजनिक सूचनाहरू प्राप्त गरी ६ लाख ३१ हजार मामिलाहरूमा अनुसन्धान सुरु गरेको सिपिसी केन्द्रीय अनुशासन निरीक्षण आयोग र राष्ट्रिय पर्यवेक्षक आयोगले शुक्रबार जानकारी दिएका छन् ।

# मध्यमस्र्याङ्दीमा विद्युत् उत्पादन घट्यो

लमजुङ, ७ माघ (रासस)– जलविद्युत् आयोजनाको 'हब' बन्दै गरेको लमजुङमा रहेको ७० मेगावाट क्षमताको मध्यमस्र्याङ्दी जलविद्युत् आयोजनाको बिजुली उत्पादन घट्न थालेको छ ।

हिउँ नपग्लिएका कारण मस्र्याङ्दी नदीमा पानीको बहाव कम भएको छ । योसँगै विद्युत् उत्पादन कम हुँदै जान थालेको छ । हालसम्म ३० मेगावाट बिजुली उत्पादन घटेको आयोजनाका प्रमुख पवन बस्नेतले जानकारी दिए । उनले भने, 'पुस लागेसँगै आयोजनाको विद्युत् घट्दै हाल ३८ देखि ४० मेगावाटसम्म बिजुली उत्पादन हुने गरेको छ । चैत अन्तिमसम्म उत्पादन घट्दै जान्छ, वैशाख लागेपछि मात्र उत्पादन बढ्ने देखिन्छ ।

बेंसीशहर नगरपालिका-१ दलालस्थित जिल्लाकै पहिलो तथा ठूलो ७० मेगावाट क्षमताको उक्त आयोजनामा विगतका वर्षमा विद्युत् उत्पादन घटेर २६ मेगावाटसम्म पुग्ने गरेको थियो । सन् २००० मा निर्माण सुरु भई सन् २००८ मा सम्पन्न भएसँगै आयोजनाबाट विद्युत् उत्पादन गरिएको हो । कूल रु २७ अर्ब २० करोडको लागतमा आयोजना निर्माण भएको हो ।

जिल्लाका अन्य जलविद्युत् आयोजनामा समेत पानीको बहाव कम हुँदा विद्युत् उत्पादन घट्न थालेको छ । पाँच मेगावाटको सिउरी, चार दशमलव चार मेगावाटको राँधी, तीन मेगावाटको मिदिम करापु र दुई मेगावाटको छ्याङ्दीलगायत आयोजनामा बिजुली उत्पादन कम हुादै गएको छ । मस्र्याङ्दी गाउँपालिका-६ र ७ स्थित ५० मेवागाट क्षमताको माथिल्लो मस्र्याङ्दी 'ए' जलविद्युत् आयोजनामा भने गत असारमा गएको बाढी पहिराले बाँधस्थलमा क्षति पुर्‍याएपछि विद्युत् उत्पादन बन्द छ । आयोजनाका दुईवटै टर्वाइन फेर्ने, अन्य संरचना निर्माणलगायत कार्य जारी रहेको आयोजनाले जनाएको छ ।

# चीन, रुस र इरानद्वारा सैन्य अभ्यास

दुबई, ७ माघ (एपी)– चीन, रुस र इरानका नौसेनाले संयुक्तरुपमा सैन्य अभ्यास गर्ने भएका छन् । तिनै मुलुकका नौसेनाले शुक्रबारदेखि संयुक्त अभ्यास गर्ने भएका हुन् । इरानको सैन्य बलले अर्ध सरकारी मिडिया आइएसएनएमार्फत् बिहीबार सो



जानकारी दिएको हो ।

'२०२२ मेरिन सेक्युरिटी बेल्ट' नाम दिइएको तिनवटै मुलुकको सो संयुक्त सैन्य अभ्यास हिन्द महासागरको उत्तरी क्षेत्रमा हुने बताइएको छ । तीन देशका नौसेनाबीच हुन लागेको सो संयुक्त अभ्यास तेस्रो पटक हो । सो सैन्य अभ्यास आगामी चार दिनसम्म चल्ने बताइएको छ ।


**पोमनपा वडा नं ३१ को सार्वजनिक सूचना**

कास्की जिल्ला माझठाना-३ स्थायी ठेगाना भई हाल पोखरा महानगरपालिका वडा नं ३१ को बेगनासतालमा समा रानाभाटले कि न ४१५५ मा निर्माण गर्न लागेको घरको पुर्व तर्फको कि न ३९६७/३९६९ र दक्षिण तर्फको कि नं ३९५०/२९४ का सधियारा सम्पर्कमा नआईपुगेको हुँदा यदि उक्त जग्गामा कोही कसैको हक दाबी बिरोध भएमा यो सूचना प्रकासन भएको मितिले सात दिन भित्र सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मितिः वि.सं. १९९०/०८/१५

स्वर्गारोहण मितिः वि.सं. २०७८/१०/०२

**स्व. राधादेवी तिवारी**

यस विद्यालयका संस्थापक आदरणीय व्यक्तित्व **श्री बलराम तिवारी** र भू.पू. विद्यालय सञ्चालक समितिका अध्यक्ष **ई.रवि मोहन तिवारी**की ममतामयी माता तथा विद्यालयका सञ्चालक सदस्य **डा.नारायण ओझाज्यूकी** सासुआमा **राधादेवी तिवारी**को असामयिक निधनको खबरले हामी सबै मर्माहत भएका छौं । यस दुःखद् घडीमा स्वर्गीय आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रिन्सिपल
*तथा*
**डायमण्ड मोडेल स्कुल परिवार, पोखरा-३१, वेगनासताल**

**हार्दिक समवेदना**



जन्म मितिः वि.सं. १९८८/१२/११

स्वर्गारोहण मितिः वि.सं. २०७८/०९/२६

**स्व. बुद्धि बहादुर गोदार**

यस **ढिकालेथर आमा समूह** पोखरा-१२, ढिकालेथरका आजीवन सदस्य **सिता गोदार**का आदरणीय ससुरा बुबा **बुद्धि बहादुर गोदार**को ९० वर्षको उमेरमा भएको असामयिक निधनले ढिकालेथर सेवा समिति स्तब्ध र मर्माहत भएको छ । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी सतत् कामनाका साथ हार्दिक समवेदना प्रकट गर्दछौं ।

सिता दाहाल, सचिव — शान्ति आचार्य, अध्यक्ष
*एवं*
**ढिकालेथर आमा समूह परिवार, पोखरा-१२, ढिकालेथर**

**हार्दिक समवेदना**



जन्म मितिः वि.सं. १९८८/१२/११

स्वर्गारोहण मितिः वि.सं. २०७८/०९/२६

**स्व. बुद्धि बहादुर गोदार**

यस ढिकालेथर सेवा समिति पोखरा-१२, ढिकालेथरका आजीवन सदस्य **मे.श्री शिर बहादुर गोदार**का परमपुजनीय पिता **बुद्धि बहादुर गोदार**को ९० वर्षको उमेरमा भएको असामयिक निधनले ढिकालेथर सेवा समिति स्तब्ध र मर्माहत भएको छ । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी सतत् कामनाका साथ हार्दिक समवेदना प्रकट गर्दछौं ।

रोशन प्रसाद श्रेष्ठ, सचिव — गुप्त बहादुर कार्की, अध्यक्ष
*एवं*
**ढिकालेथर सेवा समिति परिवार, पोखरा-१२, ढिकालेथर**

**जिल्ला सहकारी संघ लि. कास्कीको सूचना**

यस संघको बहुउद्देश्यीय भवन निर्माणका लागि मिति २०७८/०९/०७ मा समाधान राष्ट्रिय दैनिक पत्रिकामा सिलबन्दी बोलपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका बोलपत्र मुल्याङ्कन समितिको मुल्याङ्कनका आधारमा खरिद समितिको सिफारिसमा २०७८/१०/०५ मा बसेको संचालक समतिको बैठकबाट सबै भन्दा कम रकम कबोल गर्ने **अकला इन्टेरियर प्रा.लि.** पोखरा- ८ लाई ७ दिन भित्र ठेक्का सम्झौता गर्न बोलाउने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।




**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293

# सडेन डेथमा पुलिसको जित

## मनाङसँग क्वाटर फाइनल भेट पक्का

**अभिषेक अधिकारी**
पोखरा, ७ माघ

पोखरा रंगशालामा जारी २० औं संस्करणको आहारारा गोल्डकपको प्रिक्वाटर फाइनल खेलमा नेपाल पुलिस क्लबले हिमालयन शेर्पा क्लबलाई पराजित गर्दै मनाङ मर्स्याङदीसँगको क्वाटर फाइनल यात्रा तय गरेको छ । शुक्रबारको प्रतिस्पर्धामा ९० मिनेटको खेल १-१ बराबरीमा रेकियो । अतिरिक्त ३० मिनेटमा समेत थप गोल नहुँदा खेल सडेन डेथमा पुग्यो । पुलिसले सडेन डेथमा ६–५ को जित निकाल्यो ।

खेलको ९ औं मिनेटमा हिमालयनका उलरिच सिवेले पुलिसका रवि पासवानलाई फाउल गरेपछि पाएको फ्रिकिकलाई पुलिसका प्रताप गुरुङले सही मार्ग दिन नसक्दा बल क्रसबारको केहीमाथिबाट बाहिरियो । २९ औं मिनेटमा पुलिसको लगातार दुई प्रहार हिमालयन गोल रक्षका किशोर गिरीले उत्कृष्ट बचाउ गरे । पुलिसका राम वाजेले गरेको पहिलो प्रहार गिरीले डाइभिङ गर्दै क्लियर पारे । नीरकुमार राईको दोस्रो प्रहार पुन गिरीले उत्कृष्ट बचाउ गर्दै हिमालयनको समस्या टारे । पुलिसले पहिलो हाफमा पाएको अन्य दुई फ्रिकिकलाई पनि सदुपोयोग गर्न सकेन ।

लगत्तै खेलको ३८औं मिनेटमा एट्याकिङमा उत्रिएको हिमालयनका कप्तान विश्वास श्रेष्ठले डिबक्स बाहिरबाट ग्रासबल प्रहार गरे । उनको त्यो प्रहार



पोस्टको केही टाढा पुग्यो । पुलिसका तीर्थ रानाको लामो दुरी प्रहारले पनि पोस्टको बाटो लिएन । खेलको ४५ औं मिनेटमा हिमालयनका सुरेश कुमालको प्रहार पुलिसका गोलरक्षक सञ्जीत श्रेष्ठले बचाउ गर्दा नरोकिएपछि डिफेन्डरले बल सम्हाल्दै खतरा टारे ।

दोस्रो हाफपछिको खेलमा पुलिस निकै आक्रामक देखियो । खेलको ५२ मिनेटमा नै पुलिसका नीरकुमार राईले उत्कृष्ट गोल गरे । उनले हिमालयनका किपरलाई सजिलै बिट गरेका थिए । हिमालयनले दोस्रो हाफको ६ औं मिनेटमा गोल बेहोर्दा निकै सम्हालिएर खेल्यो । ५५ औं मिनेटमा हिमालयनका जीवन गुरुङले गरेको प्रहार पुलिसका गोलरक्षक श्रेष्ठले सजिलै बचाउ गरे । ५८ औं मिनेटमा हिमालयन कप्तान सुमन सुवेदीले डिबक्स बाहिरबाट कर्भसट प्रहार गर्दै टिमलाई ६ मिनेटमै खेलमा फर्काए ।

खेलको ५९ औं मिनेटमा नीरकुमार राईको प्रहार ९० मिनेटअघि नै विजयी गोलका लागि तल्लीन दुवै टोलीले थप गोल गर्न सकेनन् । इन्जुरी समय २ मिनेटमा पनि थप गोल नहुँदा अतिरिक्त समयमा खेल लम्बियो ।

अतिरिक्त समयको दोस्रो मिनेटमा पुलिसका भोलानाथ सिलवालले प्रहार गरेको फ्रिकिकलाई तीर्थ रानाले हेडिङ गर्ने क्रममा बललाई क्रसबारको माथि पुर्‍याए । हिमालनका पिसनेल मुटुम्बाको पासमा कप्तान विश्वास श्रेष्ठले प्रहार गर्न लाग्दा पुलिसका डिफेन्डरले उक्त प्रहारलाई रोके । पुन काउन्टरमा उत्रिएको हिमालयनका नीरकुमार राईले डिबक्सभित्र पुलिसका दुई डिफेन्डरलाई बिट गरे प्रहार गर्ने क्रममा उनलाई पुन पुलिसका डिफेन्डरले विफल पारे । खेलको अन्तिम मिनेटमा हिमालयन स्टराइकर पिसनेलले एकल मैका पाए । बाउन्स बल सम्हाल्न नसक्दा उनले त्यो अवसरलाई त्यत्तिकै खेर जान दिए ।

खेल अतिरिक्त समयमा धकेलिन थालेपछि नेपाल पुलिस क्लबका प्रशिक्षक अनन्त थापाले आफ्ना गोलरक्षक परिवर्तन गरे । सञ्जित श्रेष्ठको विकल्पमा उनले टाईब्रकरको खेलमा रोशन खड्कालाई चुने । अन्तत खेल टाइब्रेकरमा लम्बियो ।

टाईब्रेकरमा पहिलो पेनाल्टी मैका पुलिसका तीर्थ रानाले लिए र मौका खेर जान दिएनन् । हिमालयन शेर्पाका डिफेन्डर उलरिच सिवेको प्रहार पोस्टमा लागेर बाहिरियो । खेलमा पहिलो गोल गरेका नीरकुमार राईले पोनाल्टीमा पनि चुकेनन् । हिमालयनका दोस्रो पोनाल्टी प्रहार गर्न आएका त्रिदेव गुरुङले टाईब्रेकरमा गोल गर्दै हिमालयनको गोल खाता खेले । त्यस लगत्तै पुलिसका कप्तान सुमन सुवेदी र हिमालयनका आशीष गुरुङले पनि मैका खेर जान दिएनन् ।

चौथो पेनाल्टी प्रहार गर्ने क्रममा पुलिसका कपिल ढकालले बललाई क्रसबारभन्दा निकै माथि पुर्‍याए । हिमालयनका मुटुम्बाले गोल गर्दै टाईब्रेकर ४-४को बराबरीमा पुर्‍याए । पुलिसका खेलाडी भोलानाथ सिलवाल र हिमालयनका कप्तान विश्वास श्रेष्ठको गेल सँगै टाइब्रेकरमा बराबरीसँगै सडेन डेथमा लम्बियो ।

सडेन डेथको पहिले पेनाल्टीमा दुवै हिमालयन र पुलिसका खेलाडीले गोल गरे । दोस्रो पेनाल्टीमा पुलिसका राम वाजेको प्रहार हिमालयन गोलरक्षक किशोर गिरीले अन्दाज लगाउन सकेनन् र गोलमा परिणत भयो । हिमालयनका तर्फबाट दोस्रो सडेन डेथको पेनाल्टी अवसर पाएका पूर्णबहादुर गुरुङको प्रहारलाई पुलिसका गोलरक्षक रोशन खड्काले उत्कृष्ट डाइभिङसहित बचाउ गरे । सडेन डेथमा पुलिसले हिमालयनलाई ६-५ ले पराजित गर्दै आइतबार मनाङ मर्स्याङदीसँगको भेट पक्का गरेको छ ।

# सबै पालिकामा कर्मचारी संगठनको संरचना

**समाधान संवाददाता**
पोखरा, ७ माघ

नेपाल निजामती कर्मचारी सगंठन जिल्ला कार्य समिति कास्कीले कास्कीका सबै गाउँपालिकामा संगठनको संरचना बनाएको छ । मुलुक संघीय संरचनामा गएसँगै जिल्ला स्तरमा कायम रहेको संगठनले पालिका स्तरमा कमिटी निर्माण गरेको कास्कीका अध्यक्ष अशोक खनालले जानकारी दिए । जिल्ला कार्य समिति कास्कीको निर्णय अनुसार कास्कीको अन्नपूर्ण, माछापुच्छ्रे, रुपा र मादी गाउँपालिकामा इकाई कमिटी गठन गरेको हो ।

अन्नपूर्ण गाउँपालिका स्तरीय वृहत कर्मचारी भेला तथा प्रथम गाउँ इकाई अधिवेशन २०७८ले अध्यक्ष ठाकुर अधिकारीको नेतृत्वमा ११ सदस्यीय कार्य समिति चयन गरेको छ । इकाई समितिको उपाध्यक्ष निर्मला कुँवर, सचिव बुलन्दबहादुर भण्डारी, कोषाध्यक्ष राम पौडेल छन् । इकाई समितिको सदस्यमा बद्रीनाथ सुवेदी, मुक्तीराम भण्डारी, सुरेश भण्डारी, बिन्दु आचार्य, सम्पदा न्यौपाने, जुमकाजी गुरुङ, जगन्नाथ भण्डारी रहेको अध्यक्ष खनालले जानकारी दिए ।

भेलामा अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष सगुन गुरुङ, नेकपा (एमाले) अन्नपूर्ण गाउँ कमिटीका अध्यक्ष विवेक देवकोटा, नेपाल निजामति कर्मचारी संगठनका केन्द्रीय सदस्य नीलकण्ठ पौडेल, कास्कीका अध्यक्ष अशोक खनाल, उपाध्यक्ष विष्णुदेवी पोखरेल लगायतले संगठनका गतिविधि तथा सार्वजनिक सेवा प्रवाहको बारेमा बोलेका थिए ।

माछापुच्छ्रे गाउँपालिका स्तरीय भेला तथा प्रथम गाउँपालिका इकाई अधिवेशन भएको छ । अधिवेशनबाट अध्यक्ष रामचन्द्र पौडेल, उपाध्यक्ष गोविन्दप्रसाद आचार्य,सचिव कमलापति अधिकारी, कोषाध्यक्ष राममाया भट्टराई छन् । इकाई समितिको सदस्यमा लक्ष्मण दाहाल,प्रविण पाख्रीन, रमेश पोखरेल, चन्द्रकुमारी गुरुङ, अमृत लामिछाने, रीता अर्मजा थापा र कमलप्रसाद अधिकारी छन् । भेलामा माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष कर्णबहादुर गुरुङ, उपाध्यक्ष कृष्णकुमारी दवाडी, नेकपा (एमाले) गाउँपालिका कमिटीका अध्यक्ष विक्रम गुरुङ, निजामति कर्मचारी संगठन कास्कीका सचिव नवराज अधिकारी, जिल्ला कार्य समितिका सदस्य रवीन्द्र बस्ताकोटी लगायतले संगठनको गतिविधिबारे बोलेका थिए ।

नेपाल निजामति कर्मचारी संगठन रुपा गाउँपालिकामा अध्यक्ष आनन्दलाल जोशीको नेतृत्वमा ११ सदस्यीय इकाई समिति गठन गरिएको छ । संगठनको मादी गाउँपालिकामा भएको प्रथम गाउँ इकाई अधिवेशनले अध्यक्ष हेमन्त ढकाल सहित ११ सदस्यीय समिति चयन गरेको सचिव रामचन्द्र पहारीले जानकारी दिए ।

'संघीयतामा सुशासन सामाजिक सुरक्षा र श्रमको सम्मान, राजनीतिक अधिकारसहितको ट्रेड युनियन हाम्रो अभियान' भन्ने नाराका साथ अधिवेशन भएको हो । संगठनले अध्यक्ष खनाललाई रुपा, उपाध्यक्ष विष्णुदेवी पोखरेललाई अन्नपूर्ण, सचिव पहारीलाई मादी र सहसचिव नवराज अधिकारीलाई माछापुच्छ्रे गाउँपालिकाको अधिवेशन गर्ने जिम्मेवारी दिएको थियो ।

# नौलो घुम्तीमा साउनाबाथ

पोखरा,६ पुस (समाधान) -सहारा युकेको सहयोगमा पोखरा महानगरपालिका वडा नम्बर १७ महतगौंडा स्थित नौलो घुम्ती नेपालको व्यवस्थापनमा साउनाबाथको निर्माण गरिएको छ । संस्थाको महिला तथा पुरुष लागु पदार्थ/मध्यपान परामर्श उपचार तथा पुनस्थापना केन्द्रको लागि निर्माण गरिएको साउनाबाथको सहारा युकेका निवर्तमान अध्यक्ष कुमार गुरुङले शुक्रबार उद्घाटन गरे ।

सहारा युकेको ७ लाख ५२ हजार सहित संस्थाको समेत गरी ११ लाखको लागतमा साउनाबाथ निर्माण गरिएको नौलो घुम्ती नेपालका वरिष्ठ उपाध्यक्ष बद्रीविनोद प्रतिकले जानकारी दिए ।

कार्यक्रममा नौलो घुम्ती नेपालका पूर्व अध्यक्ष खड्गबहादुर रानाभाटले निर्माण सम्बन्धी प्रतिवेदन पेश गरेका थिए । कार्यक्रममा सहारा युकेका निवर्तमान अध्यक्ष कुमार गुरुङ, सहारा युकेका अध्यक्ष कुशाङ गुरुङ, तमु धिं युकेका अध्यक्ष हितकाजी गुरुङ, नौलो घुम्ती नेपालका अध्यक्ष योगराज गुरुङ, महासचिव मंगलबहादुर नेपाली लगायतले बोलेका थिए ।

# कस्तो होला एपिएफ र भुटानीको प्रतिस्पर्धा ?

**अभिषेक अधिकारी**
पोखरा, ७ माघ

शनिबार पोखरा रंगशालामा २०औं आहारारा गोल्डप अन्तर्गत अमेरिकाबाट आमन्त्रित भुटनिज युथ स्पोर्टस क्लब र एपिएफ फुटबल क्लब बिच हुँदै छ । उद्घाटन खेलमा नै आफ्नो उत्कृष्ट खेलमा नै एट्याकिङ र डिफेन्सिभको उत्कृष्ट खेल पस्केको एपिएफले अब क्वार्टरफइनलमा विदेशी टोली भुटनिजको सामना गर्नुपर्ने छ ।

भुटनिज प्रशिक्षक प्रलय राजभण्डारी नेपालका पूर्व राष्ट्रिय खेलाडी साथै थ्रि स्टारका समेत पूर्व खेलाडी हुन् । उनले खेलाडीका रुपमा अहारारको उपाधि २ पटक जितेका छन् । एफिएफका प्रशिक्षक कुमार थापा प्रलयराजभन्दा सिनियर खेलाडी हुन् । समाधानसँग कुरा गर्दै प्रलयले एपिएफले लिगमा भन्दा आहारारामा आफ्नो टिमलाई निकै बलियो बनाएको बताए । उनले एपिएफका डिफेन्डर अदमा दउम्बा र स्टराइकर अरमान्द बिउडाउनको तारिफ गरेका छन् ।

डिफेन्डर अदमाको रफ्तार घोडाको छ । अग्लो कदका उनी यति तेज छन् कि केही क्षणमै डिफेन्स सम्हालने र मौका आउनासाथ कतिबेला एट्याकिङमा उत्रन्छन् विपक्षीले सोच्न समेत भ्याउँदैनन् । सहारासँगको खेलमा उनले प्रहार गरेको



हेडिङ क्रसबारमा लागेर बाहिरिँदा गोलकिपर अभिषेक बरालले बल आएको चालसमेत पाएका थिएनन् । भुटनिजका लागि अदमा निकै खतरा बन्न सक्छन् । एपिएफका गोलरक्षक कुरियामा युयाले भने सहारासँगको खेल अवधिभर उत्कृष्ट बचाउ गर्ने अवसरनै पाएका थिएनन् । उनको पोखरामा पहिलो पटक खेल्न आएका हुन् ।

गोलकिपरमा एक जापानी खेलाडी, एक अफ्रिकी मुलका डिफेन्डर र स्टराइकरका साथ प्रतियोगितामा उत्रिएको एपिएफ अब प्रलयराज भण्डारीको प्रशिक्षणमा रहेको भुटनिज युथ स्पोर्टसँग शनिबार प्रतिस्पर्धा गर्दै छ ।

भुटनिज टिम डिसेम्बर २९ मा काडमाडौं ओर्लिएको थियो । जनावरी २ देखि झापामा प्रशिक्षण गरेको भुटनिज ३ अभ्यास खेलमा जित हात पारेको भुटनिजको अत्मबल उच्च छ । प्रशिक्षक प्रलयराजले समाधानसँगको कुराकानीमा आफ्नो टिममा ११ भुटनिज खेलाडी ३ नेपाली खेलाडी र ९ अमेरीकी खेलाडी रहेको बताए । नेपाली राष्ट्रिय अन्डर १६ टोलीक पूर्व गोलरक्षक दिनेश थापा मगर टोलीका कप्तानी गर्ने प्रलयराज बताउँछन् । भुटनिज टेलीमा आबद नेपालका धीरज तामाङ, भुटानका पेमा दोक्पा र सम्पूर्ण अमेरिकी मुलका खेलाडीहरु उत्कृष्ट लयमा रहेको प्रशिक्षक प्रलयराजले बताए ।

खेलाडीका रुपमा सफल एपिएफ कोच कुमार थापा प्रशिक्षणमा समेत उत्कृष्ट सावित गर्न तल्लीन छन् । सहारासँगको खेलको अघिल्लो दिन उनले समाधानलाई भनेका थिए कुनै पनि टिमलाई कमजोर ठान्नुनै मूर्खता हुन्छ । पहिलो खेलमा सहारालाई हराएसँगै उत्कृष्ट सुरुआत गरेको एपिएफ निकै राम्रो लयमा छ । कप्तान नवीन लामा पनि पहिलो खेलमा राम्रो लयमा थिए । स्टराइकर नवीनसँगै मिडफिल्डर मणीलामाले पनि उत्कृष्ट खेल प्रदर्शन रह्यो । मणिले प्रतियोगितामा पहिलो गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । एट्याकिङ र डिफेन्स दुवैमा अब्बल एपिएफ र माइन्ड गेममा माहिर भुटनिज युथ स्पोर्टसबीचको खेल निकै रोमाञ्चक हुने अनुमान छ ।

# धर्मकाया बुद्ध मण्डलाद्वारा भूमिदातालाई स्वागत



**समाधान संवाददाता**
पोखरा, ७ माघ

पोखरा महानगरपालिका वडा नं.११ काहुँडाडास्थित धर्मकाया बुद्ध मण्डला विकास तथा व्यवस्थापन समितिले मण्डला निर्माणका लागि भूमिदान गर्नेहरुलाई बिहीबार स्वागत सम्मान गरेको छ ।

पोखरा क्षेत्रको पर्यटन प्रवर्द्धनको केन्द्रको रुपमा विकास गर्न काँहुडाडामा निर्माण गरिने मण्डलाका लागि भूमिदानका लागि सहयोग गर्ने तमु धीं युकेको टोली, सहारा युके, बगर भाइ खलक युके, स्याङ्जाली समाज युके, सिक्लेस पार्चे समाज युके,कोल्माबहाकोट समाज युके, कस्केली समाज अमेरिका, गोर्खा स्मृति स्मारक लगायत संस्थागत अगुवाहरुसहितका सहयोगदाताहरुलाई स्वागत सम्मान गरेको हो ।

विदेशबाट घरबिदाको अवसरमा नेपाल आगमनको क्रममा धर्मकाया बुद्ध मण्डला विकास तथा व्यवस्थापन समितिका तर्फबाट अध्यक्ष रुद्रकुमारी गुरुङ मैना, उपाध्यक्ष भरतराज शाक्य लगायतले सहयोगदाताहरुलाई खादा लगाएर स्वागत गरेको हो ।

कार्यक्रममा धर्मकाया बुद्ध मण्डला निर्माणका लागि हालसम्म भएका गतिविधि, पहल र आगामी योजनाका बारेमा सचिव पूर्ण लामा ह्योल्मोले विस्तृत जानकारी गराए ।

कार्यक्रममा तमु धीं युकेका अध्यक्ष हितकाजी गुरुङले धर्मकाया बुद्ध मण्डला निर्माणका लागि आफुहरु सधै सहयोग गर्न तत्पर रहेको बताए । पोखरा क्षेत्रको विकासका लागि अनवरत जुटिरहेको उदाहरणीय नेतृत्वका लागि विगतमा जस्तै आगामी दिनमा आफूहरुको साथ रहने भन्दै उनले भुमिदानमा सहयोग गर्न छुटेका लगायत पुण्यकार्यका लागि थप सहयोग गर्न सबैलाई आग्रहसमेत गरे ।

धर्मकाया बुद्ध मण्डला विकास तथा व्यवस्थापन समितिका अध्यक्ष रुद्रकुमारी गुरुङ मैनाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष भरतराज शाक्य र सञ्चालन सचिव पूर्ण लामा ह्योल्मोले गरेका थिए ।

उक्त अवसरमा समाजसेवीहरु मेजर कुमार गुरुङ एमभिओ/कमला गुरुङले १ लाख ५० हजार, तमु धिं युकेका सल्लाहकार लोकबहादुर गुरुङले १ लाख ३ हजार ४२० रुपैयाँ, सहारा युकेका निवर्तमान अध्यक्ष कुमार गुरुङ/मीना गुरुङले १ लाख रुपैयाँ, स्याङ्जाली समाज युकेका अध्यक्ष शारादा/सन्तोषी गुरुङले ५० हजार १००, बाबा क्या.मनबहादुर/आमा विष्णु गुरुङको नाममा कोल्मा बहाकोट समाज युकेका अध्यक्ष कृष्ण गुरुङले ५० हजार ५ रुपैयाँ, तमु धिं युकेका सल्लाहकार एकेन्द्र गुरुङले ५० हजार रुपैयाँ मण्डला निर्माणका लागि सहयोग हस्तान्तरण गरेका थिए ।


# पलसँगको यथार्थ बाहिर ल्याउने समीक्षाको भनाइ

**समाधान संवाददाता**
पोखरा, ७ माघ

गायिका समीक्षा अधिकारीले अभिनेता पल शाहसँगको आफ्नो सम्बन्धको वास्तविक यथार्थ बाहिर ल्याउने बताएकी छन् । केही समयअघि कलाकारिता क्षेत्रमा एउटा विषयले निकै चर्चा पाएको थियो । सामाजिक सञ्जालमा बिहीबार अधिकारीले भनेकी छन् 'म लामो केही भन्दिनँ । २४ अक्टोबर २०२१ मा मेरो फेसबुकमा लेखिएको यो स्टाटस वास्तविकता भन्दा धेरै टाढा छ । जुन कसैको अनुनयमा लेखेको थिएँ । अब समय आउँदैछ, यथार्थ खुलाउँदैछु ।'

विवाद सेलाएको चार महिनापछि समीक्षाले त्यतिबेला गरेकोभन्दा ठीक विपरीत कुरा गरेकी हुन् । बिहीबार उनले सामाजिक सञ्जालमा आफूले त्यतिबेला लेखेको स्टेटस वास्तविकताभन्दा धेरै टाढा भएको बताएकी हुन् ।

सञ्चारमाध्यममा समाचार आउनेदेखि चौतर्फी चर्चा हुन थालेपछि दुवैले सामाजिक सञ्जालमा स्टेटस लेख्दै स्पष्टीकरण दिएका थिए । पल र समीक्षा दुवैले आफूहरुको सम्बन्ध हल्ला फैलिएजस्तो नभएको बताएका थिए । त्यतिबेला समीक्षाले सामाजिक सञ्जालमा



स्टेटस लेख्दै पल आफ्ना लागि अभिभावक भएको र सम्बन्धबारे चलाइएको हल्लाले मानसिक रुपमा असर पुर्‍याएको लेखेकी थिइन् । दुवैको स्पष्टीकरणपछि यो विवाद पनि सेलाएको थियो ।

**समीक्षाको स्टाटस जस्ताको तस्तैः**

नमस्कार

मलाई समीक्षा अधिकारी बनाउनुहुने मेरा सम्पूर्ण दर्शक स्रोताज्यूहरूमा हार्दिक नमन गर्दछु । पछिल्लो समय मेरो बारेमा नायक पल शाहज्यूसँग जोडेर हुँदै नभएको कपोलकल्पित समाचारहरू आएका छन् यसप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।

समाचारमा मेरो र पलजीको सम्बन्धलाई तोडमोड गरेर तुच्छ प्रकारका कुराहरू मिडियामा आएका छन् । जसले मेरो चरित्रहत्या भएको छ । यसका साथ साथै पलजीको क्यारिअरमाथि आँच आउने किसिमले सस्तो प्रचारबाजी गरिराको छन् । यसो नगर्नुहुन अनुरोध गर्दछु ।

बिना स्रोत अफवाहमा लेखिएका यी समाचारले हामीलाई सामाजिक र चारित्रिक रूपमा निकै नै असर पुर्‍याएको छ । यस कुराप्रति म र मेरो परिवार खेद प्रकट गर्दछौं । एउटै इन्डस्ट्रीजमा भएको हिसाबले पलजीले मलाई अभिभावकको हिसाबले माया गर्नुहुन्छ । मेरो कला र क्षमतालाई माया संरक्षण गर्नुहुन्छ म उहाँको सदैव फ्यान पनि हुँ । र, हजुरहरूको माया रहेसम्म सधै राम्रो काम गरिरहनेछौं । राष्ट्रको चौथो अंग मानिएको पत्रकारिताका अग्रज र दिग्गज अभिभावक हरूले पनि यसरी मानहानी र चरित्र हत्या हुने किसिमले लेखिएका समाचारले निकै दुःखी छु । मैले यो अपेक्षा गरेको थिएन ।

म जे छु जहाँ छु यो सब मेरा भगवानरूपी दर्शक स्रोताको देन हो र हजुरहरुलाई कुनै पनि कुराले निराश गर्न सक्दिनँ र गर्ने छैन । मेरो बारेमा मिडियामा आएका झुटा समाचारहरू प्रति घोर निन्दा गर्दछु र हजुरहरु यसको पछाडि नलाग्नुहुन हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा सम्पूर्ण पत्रकारज्युहरूलाई पनि हार्दिक निवेदन गर्न चाहन्छु कसैको व्यक्तिगत जिवनमा आँच आउने मान हानी तथा चरित्रहीन हुने किसिमको समाचार नबनाउनुहोला ।

सबैलाई धेरै धेरै माया, धन्यवाद ।

**कर्मचारी आवश्यकता**

यस **गण्डकी हेल्थ केयर प्रा.लि.**को लागि निम्न कर्मचारीहरुको आवश्यकता परेको हुँदा योग्य, दक्ष तथा अनुभवी व्यक्तिले आफ्नो बायोडाटा, शैक्षिक योग्यता, नागरिकताको प्रतिलिपि साथै अनुभवको प्रमाणपत्रहरु संलग्न गरी हस्तलिखित निवेदनसहित दरखास्त दिनुहुन आब्हान गरिन्छ ।

| क्र.सं. | पद | योग्यता | संख्या |
|---|---|---|---|
| १ | स्टाफ नर्स | पि.सि.एल.नर्सिङ | २ जना |


*(सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव हुनुपर्नेछ ।)*

**सम्पर्क गर्ने अन्तिम मितिः** २०७८ माघ १६ गतेसम्म

GANDAKI
HEALTH CARE PVT.LTD.
गण्डकी हेल्थ केयर प्रा.लि.
हस्पिटल चोक, पोखरा
फोन नं.: ०६१-५३६२२७, ९८५६०२५९५२
Email: gandakihc@gmail.com

**पोखरा न्युरोडमा**
**(महानगर कार्यालय नजिकै)**
**२२०० स्क्वायर फिट**
**क्षेत्रफलको सटर भाडामा ।**
**सम्पर्क : ९८४७१३९३३६**

**हार्दिक समवेदना**



जन्म मिति:

स्वर्गारोहण मिति:

**स्व. क्या.ठुले गुरुङ**

गण्डकी नुडल्स प्रा.लि. तथा हिमश्री फुड्स प्रा.लि.का पूर्व सञ्चालक **क्या. ठुले गुरुङ**ज्यूको असामयिक स्वर्गारोहण भएको वार्षिक पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनहरूमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

कार्यकारी अध्यक्ष
तथा
**हिमश्री फुड्स प्रा.लि., परिवार**
पोखरा-१०, औद्योगिक क्षेत्र

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com